# औरही नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

औरही, महोत्तरी, मधेश प्रदेश, नेपाल

२०७४

# औरही नगरपालिकाको आर्थिक ऐन, २०८३

सभाबाट स्वीकृत मिति : २०८३-०३-३२

प्रमाणीकरण मिति : २०८३-०३-३२

स्थापना : औरही नगरपालिका, महोत्तरी ।

## औरही नगरपालिकाको आर्थिक ऐन, २०८३

प्रस्तावना:-

औरही नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ बमोजिम नगर सभामा यो ऐन पेश गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावन १ गतेदेखि २०८४ साल असाढ मसान्त सम्मका लागि औरही नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति कर :** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाइने र असूल उपर गरिने छ ।

अनुसूची १(क)घरको आकार, प्रकार, बनोट र उपयोगका आधारमा सम्पत्ति कर/भूमि कर र मालपोत रजिष्टेशन पास प्रयोजनार्थ भौतिक संरचनाको प्राविधिक मूल्यांकन (प्रति वर्ग फिट लागत दर) र ह्रासकट्टी दर निर्धारण गरिएको छ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा बहाल कर:** नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा,छप्परो, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ ।

६. **विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर:** नगरपालिका क्षेत्रभित्रबाट हुने निकासीमा अनुसूचि (६) बमोजिम जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर लगाइने र असूल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्क:** नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका व्यवसायमा अनुसूचि(७) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **सिफारिस दस्तुर (सेवा शुल्क दस्तुर, अन्य सेवा शुल्क दस्तुर)**: नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (८) मा उल्लेखित स्थानीय पूर्वधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **छुट तथा सहुलियत** :(१) नगरपालिकाले अनुसूची - ९ मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिन सक्नेछ ।

११. **पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) औरही नगरपालिकाले गरेको कर, शूल्क, महशुल तथा दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषयविज्ञ समेत रहने गरी पुनरावलोकन समिति गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिन भित्र पुनरावलोकन समितिले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

१२. **कर फिर्ता सम्बन्धी व्यवस्था** : (१)करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ । सोको व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिनाभित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ।

१३.**विद्युतीय माध्यमलाई प्रयोग** :(१) नगरपालिकाले कर, शुल्क, दस्तुर तथा अन्य राजस्व प्रशासनका लागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनको लागि विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ ।

१४. **नियमावली तथा कार्यविधि बनाउन सक्ने** :(१) औरही नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु बनाई लागु गर्न सक्नेछ ।

१५. **बाधा अड्काउ फुकाउ** : (१)यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

१६. **प्रचलित कानुन बमोजिम हुने** :(१) यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

# आ.व. २०८३/०८४ को लागि करका दरहरु

## अनुसूची १

### सम्पति करको दर

| क.स. | सम्पत्तिको मूल्य | वार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रुपैया सम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु १०० | |
| २ | पाँच लाख एक रुपैया देखि दश लाख रुपैया सम्म | प्रति लाख थप रु १० | |
| ३ | दश लाख एक रुपैया देखि पचास लाख रुपैया सम्म | प्रति लाख थप रु १५ | |
| ४ | पचास लाख एक रुपैया देखि एक करोड रुपैया सम्म | प्रति लाख थप रु २० | |
| ५ | एक करोड एक रुपैया देखि दुई करोड रुपैया सम्म | प्रति लाख थप रु २५ | |
| ६ | दुई करोड एक रुपैया देखि तीन करोड रुपैया सम्म | प्रति लाख थप रु ३० | |
| ७ | तीन करोड एक रुपैया देखि पाँच करोड रुपैया सम्म | प्रति लाख थप रु ४० | |
| ८ | पाँच करोड रुपैया भन्दा माथि | प्रति लाख थप रु ४५ | |

नोटः-

१. मूल्याङ्कन रकमलाई लाखमा (round Figure) मा परिणत गरी करको दर निरधारण हुनेछ ।

२. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, कुटनैतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाको सम्पत्तिमा यस ऐन बमोजिम कर लिइने छैन । तर गुठी बाहेकका संघसंस्थाहरुलाई मालपोत भने छुट हुने छैन ।

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यावसायीक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवनको मूल्याङ्कनको अधारमा घ्ररको उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्पत्ति कर लगाई असूल उपर गरिनेछ ।

## अनुसूची १(क)

घरको आकार, प्रकार, बनोट र उपयोगका आधारमा सम्पत्ति कर/भूमि कर र मालपोत रजिष्टेशन पास प्रयोजनार्थ भौतिक संरचनाको प्राविधिक मूल्यांकन (प्रति वर्ग फिट लागत दर) र ह्रासकट्टी दर

| क्र.स. | भवनको प्रकार /बनोट | प्रयोग | भवनको मुल्याङ्कन दर प्रति वर्ग फिट रु. | वार्षिक ह्रास कट्टी प्रतिशत | ह्रास कट्टी अवधि वर्षमा |
|---|---|---|---|---|---|
| १. | आर.सि.सि फ्रेम स्टक्चरमा बेसमेन्ट, लिफ्ट र एस्कलेटर जडान भएको भवन | व्यापारिक | २५०० | १.८ | ५० |
| २. | स्टील फ्रेम स्टक्चर, फ्रविडट्रस, फाइवर, प्रिफ्याव, गोदाम वा यस्तै संरचना | व्यापारिक | २१०० | १.८ | ५० |
| ३. | स्टील फ्रेम स्टक्चर, फ्रविडट्रस, फाइवर, प्रिफ्याव, गोदाम वा यस्तै संरचना | बसोबास | १८०० | १.८ | ५० |
| ४. | आर.सि.सि फ्रेम स्टक्चर भएको भवन | व्यापारिक | १७०० | १.८ | ५० |
| ५. | आर.सि.सि फ्रेम स्टक्चर भएको भवन | बसोबास | १५०० | १.८ | ५० |
| ६. | आर.सि.सि. पिलर, जस्ता छाना भएको जमिन तला पक्की घर | व्यापारिक | १६०० | २.२५ | ४० |
| ७. | आर.सि.सि. पिलर, जस्ता छाना भएको जमिन तला पक्की घर | बसोबास | १४०० | २.२५ | ४० |
| ८. | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गाह्रो आर. सि.सि. छाना | व्यापारिक | १५०० | ३ | ३५ |
| ९. | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गाह्रो आर. सि.सि. छाना | बसोबास | १३०० | ३ | ३५ |
| १०. | टिनको छाना भइ पक्का गाह्रो भएको घर | व्यापारिक | १२०० | ३ | २५ |
| ११. | टिनको छाना भइ पक्का गाह्रो भएको घर | बसोबास | १००० | ३ | २५ |
| १२. | टिन, टायलको छाना भई माटो जोडाइ भित्र बाहिर प्लास्टर भएको घर | बसोबास | ८५० | ४ | २० |
| १३. | व्लकका गाह्रो, प्रिकाष्ठ पोल, टिन वा टायलको छाना तथा खामा गाडी ईटा माटेको जोडाइ र काठैकाठबाट बनेका घरहरु | बसोबास तथा कृषि | ८०० | ४ | २० |
| १४. | सेड वा कच्ची | व्यापारिक | ४०० | ५ | १८ |
| १५. | सेड वा कच्ची | बसोबास तथा कृषि | ३५० | ५ | १५ |

## अनुसुची २

### भूमि कर (मालपोत)

| क.स. | जग्गाको विवरण | दर/रकम रु प्रति कठ्ठा | कैफियत |
|---|---|---|---|
| १. | घडेरी योग्य जमिन बजार क्षेत्र | १०० | |
| २. | घडेरी योग्य जमिन ग्रामिण क्षेत्र | ४० | |
| ३. | खेतियोग्य जमिन | १० | |

## अनुसूची ३

### घर जग्गा बहाल करको दर

| क.स. | जग्गा तथा घर भाडामा दिने | वार्षिक करको दर | कैफियत |
|---|---|---|---|
| १. | घर बहाल कर | १० प्रतिशत | |
| २. | जग्गा बहाल कर | - कृषि प्रयोजनलाई दिएकोमा ५ प्रतिशत<br>-अन्य प्रयोजन १० प्रतिशत | |

नोटः- गत आ.व. को बहालकर साउन मसान्त सम्म दाखिला गरेमा जरिवाना नलाग्ने र साउन मसान्त पश्चात १० प्रतिशतको दरले जरिवाना लाग्नेछ ।

### घर जग्गा बहाल रकमको मूल्याङ्कन सम्बन्धी व्यवसथा

बहाल कर प्रयोजनका लागि वार्षिक रुपमा लेखा परीक्षण गराउने दायित्व भएका संस्थाहरुले लिएको भाडाको हकमा बहाल रकम घर जग्गा धनीसँग गरेको सम्झौताको अधार कायम गरिने छ । सो बाहेकका अन्यको हकमा निम्नानुसार न्यूनतम बहाल रकम निर्धारण गरि वहाल कर असुल गरिनेछ । यकिन गर्न नसकिएको अवस्थामा बहाल रकम घर जग्गा धनीसँग गरेको सम्झौताको आधार कायम गरिने छ ।

### घर तथा जग्गाको न्यून्तम बहाल रकम

| क.स. | क्षेत्र | प्रति सटर रु | कैफियत |
|---|---|---|---|
| १. | औरही बजार एरिया | २००० देखि ५००० सम्म | |
| २. | औरही बजार बाहेकका बजार एरिया | १००० देखि २००० सम्म | |
| ३. | ग्रामिण एरिया | ५०० देखि १००० सम्म | |

## अनुसूची ४

### व्यवसाय करको दररेट

| सि.नं. | विवरण | बार्षिक करको दर रु |
|---|---|---|
| **व्यापारिक वस्तु** | | |
| १ | **मदिरा पसल** | |
| | मदिरा थोक | ५,०००।०० |
| | रक्सी, वियर, मदिरा पसल क | ३,०००।०० |
| | रक्सी, वियर, मदिरा पसल ख | २,०००।०० |
| | रक्सी, वियर, मदिरा पसल ग | १,५००।०० |
| २ | **सूर्तीजन्य (धुम्रपान पसल)** | |
| | सुतिजन्य उद्योग | १०,०००।०० |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको पसल क | ३,०००।०० |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको पसल ख | २,०००।०० |
| | चूरोट, विडी, सुर्तीजन्य पदार्थको पसल ग | १,०००।०० |
| ३ | **हल्का पेयपदार्थ पसल** | |
| | हल्का पेयपदार्थ पसल क | २,०००।०० |
| | हल्का पेयपदार्थ पसल ख | १,५००।०० |
| | हल्का पेयपदार्थ पसल ग | १,०००।०० |
| ४ | **सुन चाँदीपसल** | |
| | सुन चाँदीप्रसल क | ३,०००।०० |
| | सुन चाँदी पसल ख | २,०००।०० |
| | सुन चाँदी पसल ग | १,५००।०० |
| ५ | **औषधि/सर्जिकल/इक्युप्मेन्ट व्यवसाय** | |
| | होमो डाइलोसिस सेवा | |
| | औषधि/सर्जिकल/इक्युप्मेन्ट पसल क | ३,०००।०० |
| | औषधि/सर्जिकल/इक्युप्मेन्ट पसल ख | २,०००।०० |
| | औषधि/सर्जिकल/इक्युप्मेन्ट पसल ग | १,५००।०० |
| ६ | **आयुर्वेदिक औषधि पसल /एग्रोभेट** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि पसल क | ३०००।०० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि पसल ख | २०००।०० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधि पसल ग | १५००।०० |
| | एग्रोभेट पसल क | ३०००।०० |

| | | |
|---|---|---|
| | एग्रोभेट पसल ख | २०००।०० |
| | एग्रोभेट पसल ग | १५००।०० |
| ७ | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक पसल क | २०००।०० |
| | स्टेशनरी तथा पुस्तक पसल ख | १५००।०० |
| | स्टेशनरी तथा पुस्तकपसल ग | १०००।०० |
| | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ३०००।०० |
| ८ | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ सेन्टर श्रेणी क | ४०००।०० |
| | डिपार्टमेन्टल पसल/सपिङ सेन्टर श्रेणी ख | ३०००।०० |
| | डिपार्टमेन्टल पसल/सपिङ सेन्टर श्रेणी ग | २०००।०० |
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक/खुद्रा पसल श्रेणी क | २,०००।०० |
| | कस्मेटिक थोक/खुद्रा पसल श्रेणी ख | १,५००।०० |
| | कस्मेटिक थोक/खुद्रा पसल श्रेणी ग | १०००।०० |
| १० | **अन्य मर्मत सेवा** | |
| | मोटर पार्टस सामान विक्री श्रेणी क | २,०००।०० |
| | मोटर पार्टस सामान विक्री श्रेणी ख | १,५००।०० |
| | मोटर पार्टस सामान विक्री श्रेणी ग | १०००।०० |
| ११ | **लुब्रिकेसन सेक्सन तर्फ** | |
| | लुब्रिकेसन पसल क | ३०००।०० |
| | लुब्रिकेसन पसल ख | २०००।०० |
| | लुब्रिकेसन पसल ग | १५००।०० |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस पसल क | २,०००।०० |
| | प्लाई तथा ग्लास हाउस पसल ख | १,५००।०० |
| | प्लाई तथा ग्लास हाउस पसल ग | १०००।०० |
| १३ | **कपडा तथा फेन्सी पसल** | |
| | बेबी सप | ३०००।०० |
| | कपडा फेन्सी तथा व्याग पसल क | २,०००।०० |
| | कपडा फेन्सी तथा व्याग पसल ख | १,५००।०० |
| | कपडा फेन्सी तथा व्याग पसल ग | १०००।०० |
| १४ | **धागो, टाँक, फस्नर थोक पसल** | |

परिवर्तन

सुन्दर

| | | |
|---|---|---|
| | धागो, टाँक, फस्नर पसल क | १५००।०० |
| | धागो, टाँक, फस्नर पसल ख | १०००।०० |
| | धागो, टाँक, फस्नर पसल ग | ५००।०० |
| १५ | **इलेक्ट्रोनिक बिक्री पसल** | |
| | इलेक्ट्रोनिक सामानको पसल श्रेणी क | २,०००।०० |
| | इलेक्ट्रोनिक सामानको पसल श्रेणी ख | १,५००।०० |
| | इलेक्ट्रोनिक सामानको पसल श्रेणी ग | १०००।०० |
| | अडियो, भिडियो क्यासेट पसल क | १५००।०० |
| | अडियो, भिडियो क्यासेट पसल ख | १०००।०० |
| | अडियो, भिडियो क्यासेट पसल ग | ८००।०० |
| १६ | **विद्युत सामाग्री पसल** | |
| | विद्युत सामाग्री पसल क | २५००।०० |
| | विद्युत सामाग्री पसल ख | २०००।०० |
| | विद्युत सामाग्री पसल ग | १५००।०० |
| १७ | **हार्डवेयर/मेसिनरी/पेन्टर/सेनेटरी तथा मार्बल पसल** | |
| | हार्डवेयर/मेसिनरी/पेन्टर/सेनेटरी तथा मार्बल पसलश्रेणी क | ३,०००।०० |
| | हार्डवेयर/मेसिनरी/पेन्टर/सेनेटरी तथा मार्बल पसलश्रेणी ख | २,०००।०० |
| | हार्डवेयर/मेसिनरी/पेन्टर/सेनेटरी तथा मार्बल पसलश्रेणी ग | १०००।०० |
| १८ | **पेट्रोलियम पदार्थ तथा ग्याँस(आयल निगम)** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | ५०००।०० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ३०००।०० |
| | पेट्रोलियम पदार्थ १ वटा पम्प भएको | २०००।०० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | १५००।०० |
| | ग्यास सिलिण्डर डिलर | २०००।०० |
| १९ | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको पसल क | २,०००।०० |
| | स्टील, आल्मुनियमको पसल ख | १,५००।०० |
| | स्टील, आल्मुनियमको पसल ग | १०००।०० |
| २० | **फर्नि सिङ्ग पसल** | |
| | फ्लोरिङ तथा फर्निसिङ्ग पसल क | २,०००।०० |
| | फ्लोरिङ तथा फर्निसिङ्ग पसल ख | १,५००।०० |
| | फ्लोरिङ तथा फर्निसिङ्ग पसल ग | १०००।०० |
| २१ | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान्न तथा किराना क | २,०००।०० |

| | | |
|---|---|---|
| | खाद्यान्न तथा किराना ख | १,५००।०० |
| | खाद्यान्न तथा किराना ग | १०००।०० |
| | भित्रि सडकमा रहेका साना किराना पसल | ५००।०० |
| | आलु, प्याज, लसुन, अदुवा थोक पसल | १०००।०० |
| २२ | **फलफूल पसल** | |
| | फलफूल पसल क | १०००।०० |
| | फलफूल पसल ख | ८००।०० |
| | फलफूल पसल ग | ५००।०० |
| २३ | **कपडाथान पसल** | |
| | कपडाथान पसल क | २,०००।०० |
| | कपडाथान पसल ख | १,५००।०० |
| | कपडाथान पसल ग | १०००।०० |
| | ग्रामिण क्षेत्रको कपडा पसल श्रेणी क | १०००।०० |
| | ग्रामिण क्षेत्रको कपडा पसल श्रेणी ख | ७००।०० |
| | ग्रामिण क्षेत्रको कपडा पसल श्रेणी ग | ५००।०० |
| २४ | **मोबाइल विक्री पसल** | |
| | मोबाइल विक्री पसल क | २,०००।०० |
| | मोबाइल विक्री पसल ख | १,५००।०० |
| | मोबाइल विक्री पसल ग | १०००।०० |
| २५ | **रेडियो घडी पसल** | |
| | रेडियो घडी पसल | १०००।०० |
| २६ | **कवाडी पसल** | |
| | कवाडी पसल क | ५०००।०० |
| | कवाडी पसल ख | ३५००।०० |
| | कवाडी पसल ग | २५००।०० |
| २७ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेन्ट डाक्टर | २,०००।०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | १,५००।०० |
| | आर्युवेद चिकित्सक | १०००।०० |
| २८ | **कन्सल्टयान्ट सेवा** | |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ३५००।०० |
| २९ | **कानून व्यवसायी** | |
| | ल फर्म तथा कानून परामर्श सेवा | २०००।०० |
| ३० | **लेखा परीक्षण व्यवसाय तर्फ** | |

| | | |
|---|---|---|
| | लेखा परीक्षण (सि.ए.) | २५००।०० |
| | लेखा परीक्षण (र.ले.प.) | १५००।०० |
| ३१ | **दन्त चिकित्सा सेवा** | |
| | डेन्टल होम सेवा | २५००।०० |
| | दन्त चिकित्सा सेवा | १५००।०० |
| ३२ | पशु चिकित्सा | |
| | पशु चिकित्सक ( वि .भी. एस्सी.) | १५००।०० |
| | पशु चिकित्सक ( १८ महिने देखि ३ बर्ष कोर्ष) | १०००।०० |
| | भेटनरी पसल/क्लिनिक क श्रेणी | २०००।०० |
| | भेटनरी पसल/क्लिनिक ख श्रेणी | १५००।०० |
| | भेटनरी पसल/क्लिनिक ग श्रेणी | १०००।०० |
| | दाना चल्ला पसल | १५००।०० |
| ३३ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | सेक्युरिटि सर्भिस | २५००।०० |
| | अनुसन्धान कर्ता | २०००।०० |
| | कम्प्युटर एनालिस्ट तथा प्रोगामर | १५००।०० |
| | बिमा एजेन्ट | १५००।०० |
| | सर्भेयर | १५००।०० |
| | नोटरी पब्लिक अनुवादक | १५००।०० |
| | शेयर दलाल | ३०००।०० |
| | ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट व्यवसाय | ३०००।०० |
| | इलेक्ट्रिसियन | १०००।०० |
| | संस्थागत पेन्टर | १०००।०० |
| ३४ | **निर्माण व्यवसाय** | |
| | घ वर्ग निर्माण व्यवसायी दर्ता शुल्क | १५०००।०० |
| | घ वर्ग निर्माण व्यवसायी दर्ता प्रमाणपत्र प्रतिलिपि शुल्क | २०००।०० |
| | घ वर्ग निर्माण व्यवसायी नविकरण शुल्क (साउन देखी असोज मसान्त सम्म) | ५०००।०० |
| | घ वर्ग निर्माण व्यवसायी नविकरणमा थप शुल्क (कार्तिक देखी पुष मसान्त सम्म) | ३०००।०० |
| | घ वर्ग निर्माण व्यवसायी नविकरणमा थप शुल्क (माघ देखी चैत्र मसान्त सम्म) | ५०००।०० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १००००।०० |
| ३५ | **सटरिङ्ग व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | १५००।०० |
| | सटरिङ्ग सामान मात्र भएको | १०००।०० |
| | वाटर ड्रिलिङ्ग | १०००।०० |

| | | |
|---|---|---|
| | **ग्रील उद्योग** | |
| ३६ | स्टील, आल्मुनियम ग्रील उद्योग | ३०००।०० |
| | फलामको ग्रील उद्योग | २०००।०० |
| ३७ | **पशुपालन तथा पशु आहार उद्योग** | |
| | पशु आहार उद्योग | १५००।०० |
| | पशु आहार बिक्री श्रेणी क | १०००।०० |
| | पशु आहार बिक्री श्रेणी ख | ८००।०० |
| | पशु आहार बिक्री श्रेणी ग | ५००।०० |
| ३८ | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | |
| | मैन बत्ती उद्योग | |
| | टिकी उद्योग | ५००।०० |
| | अचार उद्योग | |
| | अन्य कुटिर उद्योग | |
| | **कुटानी, पिसानी मिल** | |
| | फ्लावर मिल | ३०००।०० |
| ३९ | सेलर मिल | २५००।०० |
| | कुटानी, पेलानी मिल (हलर समेत) | १५००।०० |
| | चिउरा मिल | १५००।०० |
| | मसला उद्योग | १०००।०० |
| ४० | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा बिक्री पसल | २५००।०० |
| | डेरी जन्यपदार्थ बिक्री पसल | १५००।०० |
| ४१ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज, पाउरोटी, नुडल्स उद्योग | २,०००।०० |
| | कन्फेक्सनरी उद्योग | १,५००।०० |
| | बिस्कुट उद्योग | १०००।०० |
| | दालमोठ उद्योग | १०००।०० |
| ४२ | ईटा उद्योग | ५१००।०० |
| ४३ | **कृषि तथा वनजन्य उद्योग** | |
| | कृषि तथा पशुपंछी फर्म श्रेणी क | ३००।०० |
| | कृषि तथा पशुपंछी फर्म श्रेणी ख | २००।०० |
| | कृषि तथा पशुपंछी फर्म श्रेणी ग | १००।०० |
| | सॅमिल तथा फर्निचर उद्योग | ३०००।०० |
| | सॅमिल /प्लाइउड उद्योग | ५०००।०० |

| | | |
|---|---|---|
| | काठ बिक्री डिपो | १५००।०० |
| | स्टील फर्निचर उद्योग | ३०००।०० |
| | स्टील फर्निचर शोरुम श्रेणी क | २५००।०० |
| | स्टील फर्निचर शोरुम श्रेणी ख | २०००।०० |
| | स्टील फर्निचर शोरुम श्रेणी ग | १५००।०० |
| | काठको फर्निचर उद्योग | ३०००।०० |
| | काठको फर्निचर शोरुम श्रेणी क | २०००।०० |
| | काठको फर्निचर शोरुम श्रेणी ख | १५००।०० |
| | काठको फर्निचर शोरुम श्रेणी ग | १०००।०० |
| | बेत बाँसको उद्योग/ब्याम्बो शोरुम | १५००।०० |
| ४४ | **होटल लज एण्ड रेष्टुरेन्ट** | |
| | पार्टी प्लालेस | ५०००।०० |
| | होटल लज एण्ड रेष्टुरेन्ट | ५०००।०० |
| | होटल एण्ड लज श्रेणी क | २,०००।०० |
| | होटल एण्ड लज श्रेणी ख | १,५००।०० |
| | होटल एण्ड लज श्रेणी ग | १०००।०० |
| ४५ | **मिष्ठान्न/क्याटरिङ्ग पसल** | |
| | मिष्ठान्न पसल श्रेणी क | २,०००।०० |
| | मिष्ठान्न पसल श्रेणी ख | १,५००।०० |
| | मिष्ठान्न पसल श्रेणी ग | १०००।०० |
| | क्याटरिङ्ग | १५००।०० |
| | चिया तथा कफि पसल | ५००।०० |
| | चिया खाजा | १०००।०० |
| ४६ | **टेन्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेन्ट हाउस | २,०००।०० |
| | विजुली डेकोरेशन सहितको टेन्ट हाउस | १,५००।०० |
| | विजुली डेकोरेशन रहितको टेन्ट हाउस | १०००।०० |
| ४७ | **छापा खाना** | |
| | अफसेट प्रेस | २,०००।०० |
| | स्कीन प्रिन्ट प्रेश | १,५००।०० |
| | लेटर प्रिन्ट प्रेस | १०००।०० |
| ४८ | **कलर ल्याब सेवा** | |
| | कलर ल्याब सेवा | २,०००।०० |

| | | |
|---|---|---|
| | भिडियो मिक्सिङ | १,५००।०० |
| | फोटो स्टुडियो सेवा | १०००।०० |
| ४९ | **संचार सेवा** | |
| | टेलिफोन, मोबाइल सेवा प्रदायक कम्पनीलाई | १५०००।०० |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५०००।०० |
| | केबुल च्यानल प्रशारण सेवा | ५०००।०० |
| | एफ.एम.प्रशारण सेवा | १५००।०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १५००।०० |
| ५० | **कम्युनिकेशन सेवा** | |
| | टुर एण्ड ट्राभल्स सेवा | २,०००।०० |
| | बुकिंग काउन्टर सेवा | १,५००।०० |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १०००।०० |
| | कुरियर सेवाको शाखा कार्यालय | १०००।०० |
| ५१ | **वित्तिय सेवा** | |
| | वाणिज्य बैंक मुख्य कार्यालय क श्रेणी | ३००००।०० |
| | वाणिज्य बैंक प्रतिशाखा कार्यालय क श्रेणी | २५०००।०० |
| | विकास बैंक मुख्य कार्यालय | २५०००।०० |
| | विकास बैंक प्रति शाखा कार्यालय | २००००।०० |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | २००००।०० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १००००।०० |
| | लघुवित्त कम्पनीहरु | ७५००।०० |
| | विमा कम्पनीहरु | १००००।०० |
| | सहकारी बैंकको शाखा | ५०००।०० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | २०००।०० |
| | वहु उदेश्यीय सहकारी संस्था | ५०००।०० |
| | वित्तिय सहकारी संस्था | ३०००।०० |
| | कृषी सहकारी संस्था | १५००।०० |
| | अन्य सहकारी संस्था | १०००।०० |
| | प्रमाणपत्र प्रतिलिपि शुल्क | २०००।०० |
| ५२ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | अस्पताल तथा नर्सिङ्ग होम प्रति शैया दर्ता अनुमति | ४००।०० |
| | अस्पताल तथा नर्सिङ्ग होम प्रति शैया नविकरण | ५०।०० |
| | डायग्नोष्टिक सेन्टर प्रति सेवा | १००००।०० |
| | डायग्नोष्टिक सेन्टर प्रति सेवा नविकरण | १०००।०० |

| | | |
|---|---|---|
| | पोलि क्लिनिक , क्लिनिक | १००००।०० |
| | पोलि क्लिनिक , क्लिनिक नविकरण | १०००।०० |
| | आयुर्वेद अस्पतालको / वैकल्पिक चिकित्सा प्रति शैया | २,०००।०० |
| | आयुर्वेद अस्पतालको / वैकल्पिक चिकित्सा प्रति शैया नविकरण | ५००।०० |
| | आयुर्वेद क्लीनीक प्रति सेवा | ५०००।०० |
| | आयुर्वेद क्लीनीक प्रति सेवा नविकरण | ५००।०० |
| | चश्मापसल, सर्जिकल सेवा,<br>एक्सरे क्लिनिक, प्याथोलोजी | २०००।०० |
| ५३ | सुधार केन्द्र | २०००।०० |
| ५४ | **शिक्षा सेवा**(निजी स्तरबाट संचालित) | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | १००००।०० |
| | माध्यमिक विद्यालय | ७०००।०० |
| | निम्न माध्यमिक विद्यालय | ५०००।०० |
| | प्राथमिक विद्यालय/मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र | ३०००।०० |
| | छात्र/छात्राबास | २०००।०० |
| | विद्यालय दर्ता/कक्षा थप अनुमति शुल्क | ३०००।०० |
| | कक्षा ८ को वार्षिक परीक्षाको प्रति विद्यार्थी शुल्क | १००।०० |
| ५५ | **अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु** | |
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिकक कारोबार गर्ने) | ३०००।०० |
| | राष्ट्रिय संस्था | २०००।०० |
| ५६ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल मर्मत | १०००।०० |
| | चार चक्का मर्मत | १५००।०० |
| ५७ | **अन्य मर्मत सेवा** | |
| | टि.भी. डेक,फिज,कम्प्युटर मर्मत पसल | १०००।०० |
| | मोवाइल मर्मत पसल | १०००।०० |
| | रेडियो,घडी मर्मत पसल | ५००।०० |
| | अन्य मर्मत पसल | ५००।०० |
| ५८ | **ड्राक्लिनिक, सैलुन तथा ब्युटीपार्लर** | |
| | मसाज सेन्टर (लेडिज तथा जेन्स) | १००००।०० |
| | ब्युटीपार्लर(लेडिज तथा जेन्स) तथा कस्मेटीक पसल | १५००।०० |
| | अन्य सैलुन सेवा | १०००।०० |
| ५९ | **साइनबोर्ड आर्ट व्यवसाय** | |
| | डिजिटल आर्ट व्यवसाय | १०००।०० |

| | | |
|---|---|---|
| | अन्य आर्ट व्यवसाय | १०००।०० |
| ६० | **पशु बधसाला** | |
| | पशु बधसाला | २०००।०० |
| | पशुको छाला संकलन तथा बिक्री केन्द्र | १०००।०० |
| ६१ | **माछा,मासु बिक्री पसल** | |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाँउमा भएको | २५००।०० |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाँउमा भएको | २०००।०० |
| | कुनै १ (एक) प्रकारको मासु पसल | १०००।०० |
| | ताजा माछा,सिद्रा बिक्री पसल | ५००।०० |
| | अण्डा बिक्री पसल | ५००।०० |
| ६२ | **फुल विरुवा बिक्री पसल** | |
| | नर्सरी | १०००।०० |
| | फुल विरुवा बिक्री पसल | ५००।०० |
| ६३ | भाँड तथा किचन सामग्री पसल क | २०००।०० |
| | भाँडा तथा किचन सामग्री पसल ख | १५००।०० |
| | भाँडा तथा किचन सामग्री पसल ग | १०००।०० |
| ६४ | **खेलौना,गिफ्ट तथा फोटो फ्रेम पसल** | |
| | खेलौना,गिफ्ट पसल | १५००।०० |
| | खेलौना पसल | १२००।०० |
| | फोटो फ्रेम पसल | १०००।०० |
| ६५ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल क | १५००।०० |
| | सिलाई पसल ख | १०००।०० |
| | सिलाई पसल ग | ५००।०० |
| | सिलाई मेसिन मर्मत पसल | ८००।०० |
| ६६ | **वर्क सप** | |
| | वर्क सप क | २५००।०० |
| | वर्क सप ख | १५००।०० |
| | वर्क सप ग | १०००।०० |
| ६७ | **ढुवानी सेवा** | |
| | ट्रक,टिपर | १५००।०० |
| | ट्याक्टर,मिनीट्रक,बुलेरो | १०००।०० |
| ६८ | धर्म काँटा | ३०००।०० |
| ६९ | **मुर्ति निर्माण सेवा** | |
| | मुर्ति निर्माण सेवा क | २०००।०० |
| | मुर्ति निर्माण सेवा ख | १५००।०० |

| | | |
|---|---|---|
| | मुर्ति निर्माण सेवा ग | १०००।०० |
| ७० | **पुजा सामाग्री** | |
| | पुजा सामाग्री पसल क | २०००।०० |
| | पुजा सामाग्री पसल ख | १०००।०० |
| | पुजा सामाग्री पसल ग | ५००।०० |
| ७१ | **गोदाम व्यवस्थापन** | |
| | गोदाम क | १५००।०० |
| | गोदाम ख | १०००।०० |
| | गोदाम ग | ५००।०० |
| ७२ | **माथि उल्लेख नभएका उधोग हरुको हकमा** | |
| | ठुला उधोग | ५०००।०० |
| | मझौला उधोग | ३०००।०० |
| | साना उधोग | २०००।०० |
| ७३ | **माथि उल्लेख नभएका अन्य पेशा व्यवसाय** | |
| | डिस्डीव्युटर्स तथा थोक पसल क | ३०००।०० |
| | खुद्रा पसल क | २०००।०० |
| | खुद्रा पसल ख | १५००।०० |
| | खुद्रा पसल ग | १०००।०० |
| ७४ | सेवा प्रदायक अन्य व्यवसाय | १५००।०० |
| ७५ | **१ लाख भन्दा कम पूँजी लगानी भएको हकमा /माथि उल्लेख नभएका व्यवसायीको हकमा** | |
| | फेन्सी तथा कपडा पसलको हकमा | ५००।०० |
| | किराना पसल तथा भाडा पसलको हकमा | ५००।०० |
| | अन्य प्रकृतीका साना व्यवसायीहरु | ४००।०० |
| | सेकुवा तथा खाजा घर | १०००।०० |
| | सेकुवा तथा खाजा घर ग्रामीण क्षेत्र | ७००।०० |
| | घुम्ती व्यवसाय | १०००।०० |

**व्यवसाय रजिष्ट्रेशन शुल्क**

| क.सं | विवरण | शुल्क को दर रु. |
|---|---|---|
| १ | व्यवसायदर्ता शुल्क (प्रथम पटकको लागि) | |
| | "क"वर्ग | १०००।०० |
| | "ख"वर्ग | ७००।०० |
| | "ग"वर्ग | ५००।०० |

| क वर्ग | ख वर्ग | ग वर्ग |
|---|---|---|
| २५ लाख भन्दा अधिक पुँजि लगानी भएका | ५ लाख देखि २५ लाख सम्म पुँजि लगानी भएका | ५ लाख भन्दा कम पुँजि लगानी भएका |

नोट :-

१.माथि उल्लेखित भएका व्यवसाय कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त सम्म बुझाएमा १0% सम्म छुट हुनेछ साथै व्यवसाय कर नबुझाएमा प्रत्येक वर्षमा लाग्ने जरिवानाको दर १0% ले बढ्दै जानेछ ।

२. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसायकर तिरे पछि व्यवसाय स्वत नविकरण हुनेछ ।

३.नगरपालिकामा व्यवसाय दर्ता भए पछि पान नं. को लागि नगरपालिकाले सिफारिस गर्नेछ ।

४.वातावरण प्रदुषण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग थप वार्षिक रु १0,000। व्यवसाय कर असुल उपर गरिने छ ।

५.महिलाको नाममा व्यवसाय दर्ता गर्दा र कृषि तथा पशुपंक्षी फर्म दर्ता गर्दा रजिष्ट्रेशन शुल्क नलाग्ने।

६. अन्यत्र जे सुकै कुरा लेखिएको भएता पनि मसाज सेन्टर दर्ता गर्न रजिष्ट्रेशन शुल्क रु २0,000 लाग्नेछ।

७. माथि उल्लेख नभएका वयवसायीहरुको प्रमाणपत्रको प्रतिलिपि वापत रु १000।प्रति प्रमाणपत्र प्रितलिपि दस्तुर लाग्ने छ ।

८. एउटै पसलमा एक भन्दा बढी व्यवसाय संचालन रहेको अवस्थामा माथि उल्लेखित कर मध्ये सबैभन्दा बढी कायम गरिएको शुल्क लिइने छ ।

अनुसूची ५

(दफा ६ संग सम्बन्धित)

विज्ञापन करको दर

नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा नगरपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ :

| क.सं. | विज्ञापन सामग्रीको किसिम | इकाई | वार्षिक विज्ञापन कर |
|---|---|---|---|
| | | | दर रु |
| १ | विद्युतीय डिजिटलबोर्ड /नियोन बोर्ड /ग्लो बोर्ड/ट्रायभिजन बोर्ड/स्कूलर बोर्ड /चलचित्र बोर्ड | प्रतिवर्ग फुट | रु. १००।०० |
| २ | होडिङ्गबोर्ड /साइनबोर्ड /धातु अक्षर बोर्ड | प्रतिवर्ग फुट | रु.८०।०० |
| ३ | व्यानर /पोलव्यानर पोष्टर | प्रतिवर्ग फुट | रु. ४०।०० |
| ४ | भित्ते लेखन | प्रतिवर्ग फुट | रु. २०।०० |
| ५ | व्यापार तथा मेला आदीमा इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | प्रति दिन | रु. ५००।०० |
| ६ | ट्राफिक आइल्याडको एकमुष्ट | एकमुष्ट | रु १०५०० |
| ७ | डिभाइडर | प्रतिवर्ग फुट | रु ५० |

नोट:

(१) नगरपालिका क्षेत्र भित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा नगरपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ। यस्तो विज्ञापन राखे वापत नगरपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ।

(२) नगरपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई नगरपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ।

(३) पसलहरुमा राखिने परिचयपाटी (व्यवसाय प्रमाणपत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन। तर, परिचय पाटिमा विज्ञापनमूलक सामग्रीप्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ।

(४) माथि उल्लेखित दरमा नगरपालिकाले बढाबढ प्रक्रियाद्वारा ठेक्का मार्फत वा आफैं कर्मचारी मार्फत अमानत संकलन गर्न सक्नेछ।

(५) नगरपालिकामा व्यवसाय दर्ता भई मुख्य कार्यालय यस न. पा. मा भएका व्यवसायले उक्त व्यवसायको विज्ञापन वोर्ड राख्न चाहेमा माथि उल्लेखित दरमा ५० प्रतिशत छुट दिइ विज्ञापन वोर्ड राख्न पाइनेछ।

(६) विज्ञापन वोर्डको दुवै तर्फ विज्ञापन राखिएमा दुबै तर्फको कर गणना गरि विज्ञापन कर लिइनेछ।

(७) नगरपालिका क्षेत्रमा सुर्तिजन्य र मदिराजन्य विज्ञापन राख्न पाइने छैन।

## अनुसूची ६

### (दफा ७ संग सम्वन्धित)

### जडिबुटी, कवाडी र जीवजन्तु निकासी करको दर

यस नगरपालिकाबाट बाहिर निकासी हुने विभिन्न कवाडी समानहरुमा देहाय बमोजिमको निकासी कर निर्धारण गरिएको छ ।

| सि.नं. | नाम | एकाई | दर रु |
|---|---|---|---|
| १ | कवाडी समानहरु फलाम | दश चक्का ट्रक | ७०००।- |
| | कवाडी समानहरु फलाम | छ चक्का ट्रक | ५०००।- |
| २ | कवाडी समानहरु पलास्टिक | दश चक्का ट्रक | ४०००।- |
| | कवाडी समानहरु पलास्टिक | छ चक्का ट्रक | २०००।- |
| ३ | कवाडी समानहरु सिसा/कागज आदि | दश चक्का ट्रक | २०००।- |
| | कवाडी समानहरु सिसा/कागज आदि | छ चक्का ट्रक | १५००।- |

## अनुसूची ७

(दफा ८ संग सम्बन्धित)

**बिटौरी शुल्कका बहाले दर**

१ नगरक्षेत्रमा हाटबजार संचालन भई सो मा पसल राखेमा निम्नानुशार वहाल विटोरी शुल्क लगाई असुल गरिनेछ।

| क्र.सं | पसलको किसिम | शुल्कको दर (दैनिक/प्रति बैठकी) |
|---|---|---|
| १ | किराना पसल,ब्लक, छाप्रो, प्रतिछाप्रो | रु.४०।०० |
| २ | कपडा पसल प्रति पसल | रु.४०।०० |
| ३ | जुत्ता चप्पल प्रतिपसल | रु.४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | रु.४०।०० |
| ५ | मसला तेल प्रतिपसल | रु.४०।०० |
| ६ | चामल, चिउरा प्रतिपसल | रु.४०।०० |
| ७ | तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | रु.२५।०० |
| ८ | आलु प्याज प्रति पसल | रु.४०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | रु.३०।०० |
| १० | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर | रु.५०।०० |
| ११ | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | रु.१००।०० |
| १२ | सिलाई दोकानप्रतिपसल | रु.१०।०० |
| १३ | प्रतिहोटल | रु.४०।०० |
| १४ | कठघेरा भएको जुनसुकै प्रति पसल | रु.४०।०० |
| १५ | प्रचुनप्रतिपसल | रु.३०।०० |
| १६ | वोका, खसि काटमार प्रति गोटा | रु.२५।०० |
| १७ | कुखुरा किन्ने रविक्रि गर्ने संग प्रति गोटादुवै तर्फवाट रु १० | रु.२०।०० |
| १८ | परेवा जोडीविक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | रु.१०।०० |
| १९ | सुंगुर/वंगुर काटमार प्रति गोटा | रु५०।०० |
| २० | ठुलो रांगा काटमार प्रतिगोटा | रु१५०।०० |
| २१ | सांनो रांगा काटमार प्रतिगोटा | रु१००।०० |
| २२ | माछा प्रतिपसल | रु७५।०० |
| २३ | फलामको कृषिजन्य हतियार पसल | रु४०।०० |
| २४ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | रु४०।०० |
| २५ | चुरा प्रति पसल | रु२५।०० |
| २६ | सिद्रा सुकेको माछा प्रति पसल | रु५०।०० |
| २७ | डोको नाम्लो कुचो प्रति पसल | रु२०।०० |
| २८ | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | रु३५।०० |
| २९ | माटोको भाडा प्रतिपसल | रु२५।०० |
| ३० | हजाम भूइमा वस्ने प्रतिपसल | रु१५।०० |
| ३१ | होटल प्रति पसल | रु४०।०० |
| ३२ | मिठा प्रति पसल | रु४०।०० |
| ३३ | घुगा प्रतिपसल | रु२०।०० |
| ३४ | जादु खेल खेलाउने | रु५०।०० |
| ३५ | जुत्ताचप्पलसिलाउने प्रतिपसल | रु.२०।०० |
| ३६ | घडीटर्च लाइट विक्रि गर्ने प्रतिपसल | रु.३०।०० |
| ३७ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चनाचटपटे वेच्ने प्रतिप सल | रु.२५।०० |
| ३८ | सांध लगाउने प्रति पसल | रु.२०।०० |
| ३९ | सुन चाँदी प्रति पसल | रु.४०।०० |

| | | |
|---|---|---|
| ४० | तामा, कागती, निबुवा प्रति पसल | रु.१५।०० |
| ४१ | फोटो फ्रेम प्रति पसल | रु.३०।०० |
| ४२ | रंग, अबिर तथा माला प्रति पसल | रु.३०।०० |
| ४३ | भांडाबर्तन प्रतिपसल | रु.३०।०० |
| ४४ | धोबिप्रतिपसल | रु.२०।०० |
| ४५ | सुर्ति प्रतिपसल | रु.२०।०० |
| ४६ | बिउविजनप्रतिपसल | रु.२५।०० |
| ४७ | तरकारी प्रति छिटि २ भन्दा मूनि | रु.१०।०० |
| ४८ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद बिक्रि गर्ने संग प्रतिगोटा रु. ३०।०० गरी दुवैको | रु.६०।०० |
| ४९ | कवाडी मालसामान प्रतिट्रक | रु.१५००।०० |
| ५० | फलफुल तथा तरकारी प्रति भांगा ( ५० के.जी.भन्दा माथिको) | रु.५०।०० |
| ५१ | फलफुल तथा तरकारी प्रतिक्यारेट/झोला/डोका( ५० के.जी.भन्दामुनिको) | रु.१०।०० |

२. नगरक्षेत्रमा सर्वाजनिक जग्गा उपयोग गरी अस्थाई भौतिक संरचना निर्माण गरी व्यवसाय गरे वापत निम्न अनुसार वहाल बिटोरी शुल्क लगाई असुल गरिनेछ।

| क्र.सं. | क्षेत्र तथा उपयोगको किसिम | शुल्क-वार्षिक प्रति वर्ग फुट) |
|---|---|---|
| १ | बजार क्षेत्र | रु.३।०० |
| २ | अन्य क्षेत्र | रु.१।०० |

३. नगरक्षेत्रमा सर्वाजनिक ऐलानी तथा दर्ता छुट जग्गा उपयोग गरे वापत प्रति कठ्ठा वार्पिक रु.१००।०० वहाल विटौरी शुल्क लगाई असुल गरिनेछ । यसरी असुल उपर गर्दा प्रत्येक कठ्ठाको रु १००।०० र धुरको हकमा माथिल्लो कठ्ठाको बराबर असुल गरिनेछ ।

अनुसूची ८

(दफा ९ संग सम्वन्धित)

## सिफारिस दस्तुर (सेवा शुल्क दस्तुर, अन्य सेवा शुल्क दस्तुर)

नगर कार्यपालिका तथा वडा कार्यपालिकाबाट प्रदान गरिने विभिन्न सिफारिश तथा सेवाको शुल्क

| सि.नं. | सिफारिश तथा सेवाको विवरण | दस्तुर तथा शुल्कको दर रु |
|---|---|---|
| १ | नागरिकता सिफारिस | २००।- |
| २ | नागरिकता प्रतिलिपि सिफारिस | २००।- |
| ३ | राहदानी सिफारिश | २००।- |
| ४ | नाता प्रमाणित सिफारिश नेपालीमा | २००।- |
| ५ | नाता प्रमाणित सिफारिश अंग्रेजीमा | २५०।- |
| ६ | एकाघर सगोल प्रमाणित | २००।- |
| ७ | नाम थर संशोधन सिफारिश | २००।- |
| ८ | विधुत/ धाराको सिफारिश घरायसी/कृषि | २००।- |
| ९ | विधुत/ धाराको सिफारिश व्यापारिक | ३००।- |
| १० | विधुत/ धाराको सिफारिश औद्योगिक | ५००।- |
| ११ | विधुत/ धारा नामसारी सिफारिश | २००।- |
| १२ | बसोबास प्रमाणित सिफारिश | २००।- |
| १३ | जन्म मिति प्रमाणित सिफारिस नेपालीमा | १००।- |
| १४ | जन्म मिति प्रमाणित सिफारिस अंग्रेजीमा | २००।- |
| १५ | जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस | २००।- |
| १६ | घर कायम सिफारिस पक्की घर | २००।- |
| १७ | घर कायम सिफारिस कच्ची/ साधारण | १००।- |
| १८ | घरबाटो प्रमाणित | २००।- |
| १९ | चार किल्ला प्रमाणित | २००।- |
| २० | घर जग्गा नामसारी सिफारिस | २५०।- |
| २१ | छुट जग्गा नामसारि सिफारिस | ३००।- |
| २२ | विर्तौरी जग्गा नामसारी मृत्यु भएका कारण नामसारी दा. खा. गर्नु परेमा राजिनमा, वकसपत्र, अंशवण्डा आदिवाट हक हस्तान्तरण सिफारिस | २००।- |
| २३ | अंशवण्डा सिफारिस | २००।- |
| २४ | मोही नामसारी सिफारिस | २५०।- |
| २५ | घर निर्माणको लागि काठपात ल्याउने सिफारिस | ३००।- |
| २६ | अन्य अंग्रेजी सिफारिस | ५००।- |
| २७ | समावेशी सिफारिस | १००।- |
| २८ | चारित्रिक सिफारिस | १००।- |
| २९ | भारत जाने सिफारिस | १००।- |
| ३० | अन्य मुलुक जाने सिफारिस | २५०।- |
| ३१ | व्यक्ती प्रमाणित | १००।- |
| ३२ | व्यक्तिगत घटना लागु हुन भन्दा पूर्वको अवस्थामा मृत्यु प्रमाणित, विवाह तथा अन्य सिफारिश | १००।- |
| ३३ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | २००।- |

| | | |
|---|---|---|
| ३४ | पेन्सनहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | १००।- |
| ३५ | परिचय सिफारिश | १००।- |
| ३६ | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | १००।- |
| ३७ | छात्रवृति सिफारिश | नि: शुल्क |
| ३८ | उपचार सहयोग सिफारिश | नि: शुल्क |
| ३९ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | १००।- |
| ४० | व्यवसाय तथा संघ संस्था सम्बन्धी सिफारिश | |
| | संस्था दर्ता सिफारिस | ५००।- |
| | संस्थादर्ता/ नविकरण दस्तुर | १०००।- |
| | व्यवसाय ईजाजत पत्र प्रमाणपत्र दस्तुर | १००।- |
| | व्यवसाय नामसारी/ ठाउँसारी/ साझेदार थप घट तथा सो को प्रतिलिपि समेत | ५००।- |
| | टोल विकास संस्था दर्ता/ नविकरण | ५००।- |
| | पेशा व्यवसाय संचालनमा रहेको / बन्द रहेको अवस्थाको सिफारिश | १००।- |
| ४१ | निजि विद्यालय संचालन सिफारिश | ३०००।- |
| ४२ | निजी विद्यालय कक्षा संचालन तथा स्तरवृद्धिको सिफारिश | २०००।- |
| ४३ | घ वर्गको निर्माण व्यवसायको दर्ताको लागि सिफारिश | २०००।- |
| ४४ | उद्योग स्थापना एंव ठाँउसारी सिफारिश | |
| | ठुला उद्योग | ५०००।- |
| | मझौला उद्योग | २०००।- |
| | साना उद्योग | १०००।- |
| | घरेलु | ५००।- |
| ४५ | वडाबाट पालिकामा गरिने विभिन्न सिफारिसहरु | नि: शुल्क |
| ४६ | जग्गा सम्वन्धि अन्य सिफारिश(हकभोग समेत) | ५००।- |
| ४७ | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | नि: शुल्क |
| ४८ | हराएको प्रमाणपत्रको प्रतिलिपि सिफारिश | १००।- |
| ४९ | न.पा. मा कर चुक्ता गरे पछि दिइने कर चुक्ता सिफारिश नेपालीमा | १००।- |
| ५० | न.पा. मा कर चुक्ता गरे पछि दिइने कर चुक्ता सिफारिश अंग्रेजिमा | २५०।- |
| ५१ | विदेशीसँग विवाह सिफारिश | ५००।- |
| ५२ | लेनदेन कागजात प्रमाणित | २००।- |
| ५३ | जग्गा बैनाबट्टा कागजात प्रमाणीत | १००।- |
| ५४ | निवेदन दस्तुर | १०।- |
| ५५ | सर्जमिन मुचुल्का | ५००।- |
| ५६ | नागरिकता अनुसूची / प्रतिलिपि फारम दस्तुर | ५०।- |
| ५७ | अविवाहित प्रमाणित सिफारिस | २५०।- |
| ५८ | वैदेशिक प्रयोजन बसोबास र ठेगाना प्रमाणित अंग्रेजिमा | ३००।- |
| ५९ | विभिन्न सम्झौता प्रमाणित | २००।- |
| ६० | दुवै नाम थर एउटै भएको सिफारिस नेपाली/ अंग्रेजिमा | २००।- |
| ६१ | कार्यपालिका वा वडा कार्यालयले दिने विविध सेवाहरु वापत | |
| | रकम कलम उठाई दिए वापत प्रति लाख | १००।- |
| | सामुदायिक मध्यस्थ सेवा | १००।- |
| | मिलापत्र शुल्क (दुवै पक्षसँग प्रति मुद्दा) | ५००।- |

| | | |
|---|---|---|
| | स्थलगत प्राविधिक सेवा शुल्क | १०००।- |
| | घर खाली गर्ने | १५००।- |
| | साँध सिमाना छुट्याउने अमिन सेवा शुल्क प्रति कित्ता | १०००।- |
| | उजुरी दर्ता | १००।- |
| | न्यायिक समितिमा प्रतिबादी गरेवापत । | ५०।- |
| | नक्कलको प्रति पाना | १०।- |
| ६२ | व्यक्तिगत घटना दर्ता शुल्क | नि: शुल्क |
| | घटना घटेको दिनदेखि ३५ दिन भित्र दर्ता भएमा | २००।- |
| | घटना दर्ता विलम्ब शुल्क ३५ दिन नाघेमा | ५००।- |
| | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि | |
| ६३ | फोटोकपि/ प्रतिलिपि सेवा | १०।- |
| | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा प्रति पाना | ३।- |
| | फोटोकपि शुल्क प्रति पाना | ५।- |
| | नक्कल प्रमाणित प्रति पाना | |
| ६४ | घर नक्सा पास दस्तुर | ५।- |
| | नयाँ घर नक्सा पास दस्तुर प्रति व. फि. | ३।- |
| | नक्सा संशोधन प्रति व. फि. | ५।- |
| | नक्सा नामसारी प्रति व. फि. | ५।- |
| | पुरानो घर अभिलेखिकरण प्रति व. फि. | ५००।- |
| | घर अभिलेखिकरण किताव दस्तुर | १०००।- |
| | नयाँ घर नक्सा पास किताव दस्तुर | ५।- |
| | नक्सा प्रतिलिपि प्रति व. फि. | ३००।- |
| | घर जग्गा नक्सापास सिफारिस दस्तुर | १०००।- |
| | कोरकटर मेसिन इन्धन र ढुवानी बाहेक प्रति योजना | १००।- |
| | क्यूव मोल्ड प्रति थान | २००।- |
| | घर सम्पन्न सिफारिस | नि: शुल्क |
| ६५ | वडाबाट सामाजिक सुरक्षाका लागि बैंकलाई गरिने सिफारिस | २५००।- |
| ६६ | जे.से.वि. भाडा प्रति घन्टा इन्धन सहित | १०००।- |
| ६७ | जे.से.वि. भाडा प्रति घन्टा इन्धन बाहेक | ३०००।- |
| ६८ | ट्रेक्टर भाडा प्रति दिन इन्धन बाहेक | १०००।- |
| ६९ | प्रोजेक्टर भाडा | १००।- |
| ७० | अन्य सिफारिस | |

नोट : महिलाको नाममा व्यवसाय दर्ता गर्न र जुनसुकै कृषि पशुपंक्षी फर्म दर्ता गर्न वडा कार्यालयबाट सिफारिस नि : शुल्क दिइने छ ।

## अनुसूची ९
### (दफा १० संग सम्वन्धित)
### कर तथा शुल्कको छुट तथा सहुलियत

| क्र.सं | विवरण | छुट दिइने क्षेत्र | छुट वा छुटको प्रतिशत |
|---|---|---|---|
| १ | चालु आर्थिक वर्षको वार्षिक कर तथा शुल्क असोज मसान्त सम्ममा दाखिला गरेमा | सबै प्रकारका वार्षिक कर तथा शुल्क | १० प्रतिशत |
| २ | चालु आ.व को असोज मसान्त सम्म व्यवसाय करको बक्यौता दाखिला गरेमा | व्यबसाय करमा लाग्ने जरिवानाको | ७५ प्रतिशत |